# नेपाल धितोपत्र बोर्ड

**जावलाखेल, ललितपुर**

## वस्तु विनिमय बजार संचालन गर्न पूर्व स्वीकृतिका लागि निवेदन दिने सम्बन्धी सूचना

वस्तु विनिमय सम्बन्धी ऐन, २०७४ को व्यवस्था बमोजिम वस्तु विनिमय बजार संचालनका लागि बोर्डको पूर्व स्वीकृति लिई संगठित संस्था संस्थापना गर्नुपर्ने व्यवस्था रहेको र मुलुकको अर्थतन्त्रको आकार, औद्योगिक व्यवसायको विकास, वस्तु कारोबारको सम्भाव्यता तथा लगानीकर्ताको हित संरक्षणसमेतलाई दृष्टिगत गरी वस्तु विनिमय बजार संचालन गर्ने अनुमतिपत्र दिनुपर्ने व्यवस्था बमोजिम बोर्डको निर्णयानुसार हाललाई दुईवटा वस्तु विनिमय बजार संचालन गर्न स्वीकृति प्रदान गर्ने व्यवस्था गरिएको हुँदा इच्छुकहरुले यो सूचना प्रकाशन भएको मितिले दुई महिना भित्र तोकिएका कागजात तथा विवरण सहित बोर्डमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै वस्तु विनिमय बजार संचालनका लागि पूर्व स्वीकृति प्रदान गर्दा प्रस्तावित कम्पनीको पूँजी र रणनीतिक साझेदार, प्रस्तावित प्रविधि, व्यवसायिक योजना, संस्थागत स्वामित्व संलग्नता र व्यवस्थापनको योग्यताको आधारमा उत्कृष्ट दुईवटा आवेदकलाई छनौट गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।